- विद्यालयहरुको भौतिक संरचना, खानेपानी, सौचालय जस्ता आधारभुत सेवामा आवश्यक रकम विनीयोजन गरिने छ ।
- जोखिममा परेका वा आर्थिक अवस्था कमजोर तथा जेहेन्दार वालवालिकालाई विद्यालय तह र प्रमाणपत्र तहमाचिकित्सा,इन्जिनियरिङ,कृषिभेटेरेनरीवनविज्ञानतथासूचनाप्रविधिअध्ययनगर्नकालागि विशेष छात्रबृत्तिको व्यवस्था मिलाईने छ ।
- नगर भित्र रहेको विद्यालय तथा क्याम्पसहरुको निरन्तर रुपमा स्तर बृद्धि गर्दै स्थानिय स्तरमानै उच्च शिक्षा प्राप्त गर्ने वाताबरण मिलाइने छ ।
- विद्यालयहरुमा वाताबरण प्रबर्द्धन कार्यक्रम लागु गर्न प्रत्येक वर्ष एक सामुदायिक विद्यालयलाई छनौट गरी पुस्कृत गरिने छ ।
- हरेक वर्ष कम्तीमा १ पटक शिक्षक तथा अभिभावकहरु विचमा शैक्षिक अन्तक्रियाको आयोजना गरिने।
- विद्यालयमा विद्यार्थी संख्याको आधारमा शिक्षक दरवन्दीको लेखाजोखा गरी शिक्षकहरुको व्यवस्था मिलाइने छ ।
- शिक्षाको गुणस्तर अभिवृद्धि गरि सक्षम, सबल र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न नगर भित्रका सामुदायिक माध्यामिक विद्ययालयमा अंग्रेजी माध्याममा पठनपाठनको सुरुवात गरिनेछ ।
- विद्यार्थी संख्या नभएको विद्यायलय लाई पाएक पर्ने स्थानमा मर्ज गर्ने, शुन्य दरवन्दि भएको आधारभूत तथा मावि तहमा विषयगत दरवन्दिमा अर्को व्यवस्था नभए सम्मकोलागि जिल्ला शिक्षा समन्वय इकाइसँग समन्वयगरि आवश्यक स्वयं सेवक शिक्षक नियुक्ति गरिनेछ ।
- स्थानीय पाठ्यक्रम निर्माण गर्दा नै **स्थानीय जडिबुटी, औषधिजन्य वनस्पतिहरुको पहिचान, प्रयोग एवं दिगो विकास** को खाका तयारगरी विद्यायल देखि नै सजग नागरिक निर्माण गर्न विद्यार्थिहरुलाई सो को वारेमा अध्यापन गराइने नीति कार्यान्वयन गरिने छ ।
-

२. **स्वास्थ्य**

- नगर क्षेत्रभित्र १५ सैयाको आधारभूत अस्पतालको निर्माणको सुरुवात गरिने छ ।
- आधारभूत स्वास्थ्य केन्द्र, सहरी स्वास्थ्य केन्द्र तथा खोपकेन्द्रहरुको आवश्यकता अनुसार विस्तार गरी दक्ष स्वास्थ्यकर्मी तथा प्रयाप्त औषधिको व्यवस्था गरिने छ ।

- नगर क्षेत्रमा F.M. रेडियो स्थापना तथा सेवा विस्तार गरिनेछ । नगरबासी कुनै व्यक्ति वा शहकारी संस्था वा समूहले F.M. रेडियो स्थापना गर्न चाहेमा आवश्यक सहयोग उपलब्ध गराईनेछ ।
- नगरक्षेत्र भित्र इन्टरनेट र टेलिफोन सेवालाई प्रभावकारी वनाउन सेवा प्रदायकहरुसंग समन्वय गरिने छ ।

५.उर्जा, लघु तथा साना विद्युत

- पहिचान गरिएका नगर भित्रका मुख्य व्यापारिक क्षेत्रमा प्रभावकारी सडक वत्ती जडान गरीने छ ।
- नगर भित्र लघु उर्जा तथा साना विद्युत आयोजना निर्माण गर्न सकिने स्थानहरुको संभाव्यता अध्ययन गरी संभव भएमाविद्युत उत्पादनको कार्य गरीने छ ।
- नगरपालिकामा विद्युतिकरण कार्यलाई निरन्तरता दिइने छ ।
- वैकल्पिक उर्जा कार्यक्रमलाई जोड दिईनेछ साथै अति विपन्न दलित समुदायलाई सौर्य उर्जा प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

वातावरण तथा विपद् व्यवस्थापन

१. बन तथा भू संरक्षण,

- नगरपालिकामा बनको क्षेत्र धेरैभएको तर केवल नाङ्गो डाँडो र पाखाहरु मग भएकोले यसलाई हराभरा बनाउन तिन तहका सरकारहरुसँग सहकार्य मार्फत एक दशक भित्र हरियाला डाँडा बनाउने नीति तय गरिनेछ ।
- नदिजन्य वन पैदावार तथा जडीबुटी उत्पादन कार्यलाई विशेष प्राथमिकता दिइनेछ । यस कार्यको लागि व्यक्ति तथा वन समुदाय विच आपसी समझदारी गरी भूमीको प्रयोग गर्ने व्यवस्था मिलाइने छ।
- नगर क्षेत्र भित्र नर्सरी व्यवसाय संचालन गर्ने व्यवसायीलाई व्यवसाय गर्न आवश्यक रकम साझेदारी गरीनेछ ।

२. जलाधार संरक्षण र वातावरण संरक्षण

- पानीका स्रोत व्यवस्थापन एवं उचित उपयोग / संरक्षण गर्न पानीका मुहानहरुको नक्सांकन तथा गुणस्तर मापन गरि योजनागत तवरले कार्यान्वयन गरिनेछ।

### ३. जलवायु परिवर्तन

- कृषि तथा पशुपालन व्यवसाय समयानुकुल गराउन जलवायु परिवर्तनलाई आत्मसाथ गर्दै जलवायु अनुकुलन कार्यक्रम सञ्चालन गर्न नगर क्षेत्रभित्र कार्यगरिरहेका सरकारी एवं गैरसरकारी कार्यक्रम ( सँग समन्वय गरिनेछ ।

### ४. फोहरमैला व्यवस्थापन

- नगरक्षेत्रलाई स्वच्छ सफा राखी नागरिकहरुलाई संबैधानिक अधिकार सुनिश्चित गर्न नगर क्षेत्रका होटेल रेष्टुरेन्टहरुसँग समन्वय गरी नागरिकहरुको सहज पहँचकोलागि निःशुल्क रुपमा चर्पि प्रयोगगर्ने वातावरण सृजना गरि **सामाजिक उत्तरदायित्व** वहन गर्न प्रोत्साहित गरिने छ । त्यसपछि पनि आवश्यक परे थप सार्वजनिक शौचालयहरुको निर्माण गरिने छ ।
- हाल विश्वभरिनै समस्या रहेको फोहरमैला व्यवस्थापनको पक्षलाई व्यवस्थित गर्न नगर/शहरका वासिन्दालाई कुहिने तथा नकुहिने फोहोर छुट्टयाउन लगाई नागरिकको तवरबाटै फोहोरमैला व्यवस्थापनमा नगरपालिकाले सहजिकरण गर्नेछ ।
- फोहोरमैला व्यवस्थापनलाई दिर्घकालिन बनाउन **फोहोरमैला व्यवस्थापन योजना** (**Waste Management Plan**) निर्माण गरिने छ ।

### ६. जलउत्पन्न प्रकोप नियन्त्रण

- खोलानाला आसपासका खेतियोग्य जमिनको सुरक्षा गर्न नगरक्षेत्रभित्र जोखिममा रहेका सबै वडाहरुको खोला नालालाई नियन्त्रण गर्न तटबन्ध निर्माण एवं सञ्चालन गर्न आवश्यक बजेट छुट्टयाउने नीति लिइनेछ ।

### ७. विपद व्यवस्थापन

- महामारी तथा संक्रामक (कोभिड, डेङगु, तथा अन्य आकस्मिक महामारी रोग) रोग नियन्त्रणका लागी नागरीक, सरोकारवाला निकायहरु तथा स्थानीय सरकारको समन्वयमा रोकथाम कार्य गर्न अग्रसर हुनेछ ।
- नेपाल भुकम्पिय जोखिममा रहेकोले नगरक्षेत्र भित्रका नागरिकहरुको सुरक्षित बसोबासको संवैधानिक अधिकार सुनिश्चित गर्न **भुकम्प प्रतिरोधि घर निर्माण** कालागि सबैवडा बाट प्रतिनिधित्वहुनेगरि डकर्मिहरुलाई तालिम प्रदान गरि अब बन्ने घर भुकम्प प्रतिरोधि बनाउन प्रोत्साहन गरिनेछ ।

